# वेलका नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

रामपुर, उदयपुर,

२०७३

प्रदेश नं. १ नेपाल

**आ.व. २०७५/७६ को लागि ढुङ्गा, गिटी, ग्राभेल, रोडा, वालुवा, उत्खनन्, संकलन, विक्री तथा निकासी कर उठाउने सम्वन्धी बोलपत्र आव्हानको सूचना !**

**सूचना प्रकाशित मिति : २०७५/०४/३१**

यस नगरपालिकाको कार्यालयबाट नेपालको संविधान २०७२ को अनुसूची - ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ घ को (६) र वेलका नगरकार्यपालिकाको निर्णय बमोजिम स्थानीय तहको अधिकार क्षेत्रभित्रका देहाय ठेक्का शिलबन्दी बोलपत्र मार्फत बन्दोबस्त गर्नुपर्ने भएकाले ३० दिने अवधि राखी प्रथम पटकको लागी यो बोलपत्र आव्हनको सूचना प्रकाशित गरिएको छ । देहायका शर्तहरुको अधिनमा रहि बोलपत्र यस कार्यालयबाट खरिद गरी तोकिएको मिति भित्र दर्ता गर्नुहुन सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

देहाय

(न्यूनतम अंक मु.अ.कर १३ % वाहेक)

| सि नं. | ठे.नं. | ठेक्का विवरण | परिमाण | न्यूनतम अंक रु. | कूल न्यूनतम अंक रु. |
|---|---|---|---|---|---|
| १ | ६/७५/७६ | मूर्ति खोला (रामपुर सेवा केन्द्रबाट १००० मिटर उत्तर), सेति खोला (१००० मिटर उत्तर दक्षिण माछापुछ्रे सा.वन), सिसुवा खोला (सिसुवा लालबजार १५०० मि. पूर्व पश्चिम), गिदेरी खोला (सातपत्रेबाट १५०० मि. पूर्व पश्चिम), जसोदा खोला (रामपुर बरगाछीबाट १५०० मि. उत्तर) र कोसोपा खोला (डुम्रीबोटेबाट १००० मि. उत्तर कोठु) क्षेत्रबाट ढुंगा, गिटी, ग्राभेल, रोडा उत्खनन् संकलन गरी विक्री वितरण गर्ने । | ५१,६३८ घ.मी. | ५४,६५,३६६ | ५९,७१,३६९ |
| | | मूर्ति खोला (रामपुर सेवा केन्द्रबाट १००० मिटर उत्तर), सेति खोला (१००० मिटर उत्तर दक्षिण माछापुछ्रे सा.वन), सिसुवा खोला (सिसुवा लालबजार १५०० मि. पूर्व पश्चिम), गिदेरी खोला (सातपत्रेबाट १५०० मि. पूर्व पश्चिम), जसोदा खोला (रामपुर बरगाछीबाट १५०० मि. उत्तर) र कोसोपा खोला (डुम्रीबोटेबाट १००० मि. उत्तर कोठु) क्षेत्रबाट वालुवा उत्खनन् संकलन गरी विक्री वितरण गर्ने । | ५,७३७ घ.मी. | ५,०६,००३ | |

**शर्तहरु :**

१ प्रथम पटक सुचना प्रकाशित भएको मितिले ३० औं दिन (कार्यालय समय सम्ममा) रु.३००० रकम (पछि फिर्ता नहुने गरी) वुझाएको नगदी रसिदका साथ व्यवशाय दर्ता, स्थायी लेखा नं. (मु.अ.कर सहित), र आ.व.२०७३/०७४ सम्मको आयकर चुक्ताको प्रमाणपत्रहरुको प्रतिलिपीहरु संलग्न राखी इच्छुक फर्म/कम्पनी वा निजको आधिकारीक प्रतिनिधिले कार्यालय समय भित्र यस कार्यालयबाट वोलपत्र फाराम खरिद गर्न सक्नेछ ।

२ बोलपत्र फाराम आफूले कवोल गरेको कुल अंकको ५% धरौटी रकम यस कार्यालयको गाईघाट स्थित धरौटी खाता नं. २०९०३०३००७१०५ मा जम्मा गरी सो को सक्कल वैङ्क भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तीमा १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (विड वण्ड) पेश गर्नु पर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईनेछैन । उक्त बैंक जमानत वा नगद धरौटी रकम नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

३ खरीद भएका बोलपत्रहरुको प्रत्येक पानामा सही छाप र शिलबन्दी गरी खाम वाहिर फर्म वा कम्पनीको नाम, ठेगाना र ठेक्काको नाम, नम्बर लेखी सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२ : ०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरी पेश गर्नुपर्नेछ ।

४ दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरु दर्ता गर्ने अन्तिम दिनको १ : ०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहोवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

५ बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट तत् तत् समयमा गरीने छ ।

६ बोलपत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा प्रस्टसंग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

७ बोलपत्र स्वीकृत भएपछि सोको सूचना पाएको मितिले ७ दिनभित्र सम्बन्धित बोलपत्रदाता फर्म वा कम्पनीले नियमानुसार प्रक्रिया पुरा गरी सम्झौता गर्न आउनुपर्नेछ । सो अवधिभित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ र उक्त कारणबाट दोश्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र आव्हान गर्ने अधिकार वे.न.पा. कार्यालयमा सुरक्षित रहनेछ ।

८ बोलपत्रदाताले आफूले कबोल गरेको रकम एकमुष्ट नबुझाएमा कबोल गरेको कूल रकम (भ्याट समेत जोडी) तीन किस्तामा बुझाउनुपर्नेछ । पहिलो किस्ता आफूले कबोल गरेको अंकको ४० प्रतिशत रकम सम्झौता गर्ने समयमा, बाँकी ६० प्रतिशत रकमलाई बराबर भाग लगाई २ किस्तामा बुझाउनुपर्नेछ । सो दुई किस्ता बापतको दोश्रो किस्ता रकम २०७५ फाल्गुन मसान्तभित्र र तेश्रो तथा अन्तिम किस्ता बापतको रकम २०७६ बैशाख मसान्तभित्र बुझाउनुपर्नेछ ।

९ सम्झौता गर्दा पहिलो किस्ता बाहेक बुझाउन बाँकी ६० प्रतिशत रकमको २०७६ असार मसान्तसम्म अवधि भएको यस कार्यालयको नाममा राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकहरुबाट जारी गरिएको बैंक जमानत (परफरमेन्स बण्ड) पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी स्थायी चलनपूर्जी दिईनेछ ।

१० कुनैपनि शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रित नपुगेको वोलपत्र उपर कुनै कारवाही गरिनेछैन ।

११ ठेकेदारले सम्झौताको बखत आफूले कवोल गरेको रकमको नगदै वा कवोल अंक वरावरको बैंक भौचर पेश गरी ठेक्का सम्झौता गर्नुपर्नेछ । साथै उक्त समयमै नियमानुसारको आयकर तथा मु.अ.कर समेत कार्यालयमा बुझाउनुपर्नेछ ।

१२ नदिजन्य पदार्थ उत्खनन्, संकलन, विक्री तथा निकासी गर्दा IEE प्रतिवेदनमा स्वीकृत मापदण्ड र राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिबाट प्राप्त परिपत्र, सहमति र मार्गदर्शनलाई आधार मानी उत्खनन्, संकलन र निकासी गर्नुपर्नेछ ।

१३ कर/शुल्क उठाउने रसिदहरु ठेक्काको शीर्षक अनुसार छुट्टाछुट्टै ३/३ प्रति रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।

१४ ठेक्काका सम्वन्धमा कुनै किसिमको विवादको स्थिती स्वीकार्य हुने छैन । कुनै किसिमको विवादको स्थिति सिर्जना भएमा वा यस कार्यालय तथा ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा प्रचलित कानुन, ऐन, नियमको परिधिभित्र रही वेलका नगरपालिकाको कार्यालय रामपुर, उदयपुरले गरेको निर्णय अन्तिम हुनेछ ।

१५ सम्मानित अदालत, नेपाल सरकार, वे.न.पा.को नीति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागू गर्नु ठेकेदारको कर्तव्य एवं दायित्व हुनेछ । नीति निर्देशन वा अदालतको आदेशको पालनाको कारणबाट कुनै क्षति हानि-नोक्सानी हुन गएमा सोको क्षतिपूर्तिको दाबी ठेकेदारले वे.न.पा.सँग गर्न पाउने छैन ।

१६ यस कार्यालयको छाप र कार्यालयबाट प्रमाणित नभएको वोलपत्र फारामलाई मान्यता दिईने छैन ।

१७ बन्द, हडताल, चक्काजाम वा अन्य कुनै कारण देखाई मिनाहा माँग भएमा मिनाहा दिईने छैन ।

१८ ठेक्का अवधि सम्झौता भएको मिति देखि २०७६ जेष्ठ मसान्त सम्म मात्र हुनेछ ।

१९ नदिजन्य पदार्थ उत्खनन्, संकलन गरी विक्री गरेको परिमाण ३/३ महिनामा ठेकेदारले अनिवार्य रुपमा वे.न.पा.मा पेश गर्नुपर्नेछ ।

२० नदिजन्य पदार्थ उत्खनन्, संकलन गरी नगरभित्र खपत नभई नगर वाहिर निकासी गर्नुपरेमा नगरसभाले तोकेको दरमा थप नगर निकासी कर तिरी वे.न.पा.बाट अनुमति लिई सम्बन्धित ठेकेदारले मात्र निकासी गर्नुपर्नेछ ।

२१ ठेकेदारले उठाउने कर यस कार्यालयद्धारा तोकिएको उत्पादनस्थल वा तोकेको संकलन केन्द्रमा नगरसभाबाट स्वीकृत आर्थिक ऐनमा उल्लेख भएको दररेटमा मात्र कर उठाउनु पर्नेछ ।

२२ सूचनामा उल्लेखीत परिमाण भन्दा बढी नदिजन्य पदार्थ ठेकेदारले उत्खनन् गरी विक्री वितरण गर्न पाउने छैन । यदि उल्लेखीत परिमाण भन्दा बढी विक्री वितरण गर्नुपरेमा स्वीकृत IEE को परिमाण मध्येबाट वे.न.पा.बाट पुनः स्वीकृति लिई थप परिमाणको आधारमा कवोल गरेको दररेट बमोजिम रकम दाखिला गरी नदिजन्य पदार्थ विक्री वितरण गर्न अनुमति लिनुपर्नेछ ।

२३ ठुला आयोजनाहरुले निर्माण सामाग्री प्रयोग गर्नुपरेमा आयोजनाको लगत इस्टिमेटमा क्वईरी साईट किटान गरी नदिको स्थान तोकिएको भए त्यस्ता आयोजनाहरुले प्रयोग हुने परिमाणको विवरण खोली निवेदन पेश गरेर IEE स्वीकृत भएका नदि तथा खोलाहरुबाट नगरसभाले तोकेको दरमा अग्रिम कर बुझाई नेपाल सरकारको निर्णयानुसार दुई पक्षीय सम्झौता गरी नदिजन्य सामाग्री उत्खनन् र प्रयोग गर्न दिन सकिनेछ ।

२४ यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन अनुसार हुनेछ ।

२५ विष्तृत जानकारीका लागि वेलका नगरपालिका रामपुर, उदयपुरको Website वा वे.न.पा.को सम्पर्क नं.०३५४३०११३ मा सम्पर्क गर्न सकिनेछ ।

वेलका नगरपालिका, रामपुर उदयपुर ।